# हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.
## Himal Dolakha Hydropower Company Ltd.
कालोपुल-७, काठमाडौं, नेपाल

फोन नं.: ०१-४४६२८४४

श्री नेपाल स्टक एक्सचेन्ज लि, मिति : २०७९/०३/२७

काठमाडौं ।

**विषय :** जानकारी गराईएको बारे ।

महोदय,

उपरोक्त विषयमा यस हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडका संचालक अध्यक्ष श्री कल्याण बिक्रम न्यौपानेज्यूले स्वास्थ्यको कारणले गर्दा संचालक अध्यक्ष भई कार्य गर्न असमर्थता जनाउनु भई मिति २०७९/०३/२६ गतेको मिति देखि लागु हुने गरी राजिनामा गर्नु भएको हुँदा यस कम्पनीको संचालक समितिको मिति २०७९/०३/२७ गतेको बैठकले निजको राजिनामा स्वीकृत गरी आगामी वार्षिक साधारण सभा सम्मका लागि कम्पनीको संचालक अध्यक्षमा संस्थापक श्री रञ्जना दहाललाई नियुक्ति गर्ने निर्णय भएको व्यहोरा अनुरोधका साथ जानकारी गराउँदछौं ।

**संलग्न :**

१) राजिनामा-पत्र-१

२) माईन्युट-१

निरा श्रेष्ठ

(संचालक)

यस हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको संचालक समितिको बैठक आज मिति २०७९ साल असार २७ गते सोमबार दिउँसो २:३० बजे कम्पनीको रजिष्टर्ड कार्यालयमा संचालक समितिका सदस्य श्री निरा श्रेष्ठको अध्यक्षतामा बसी निम्न प्रस्ताव उपर छलफल तथा निर्णयहरु गरियो :-

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. श्री निरा श्रेष्ठ | संचालक | |
| २. श्री मनु श्रेष्ठ | संचालक | |
| ३. श्री रञ्जना दहाल | संस्थापक(आमन्त्रित) | |

**छलफलका विषयहरु:**

१. संचालक अध्यक्षको राजिनामा बारे ।

२. संचालक समितिमा नयाँ संचालकको नियुक्ति बारे ।

३. विविध ।

**निर्णयहरु:**

१) प्रस्ताव नं. १ उपर छलफल हुँदा यस कम्पनीका संचालक अध्यक्ष श्री कल्याण बिक्रम न्यौपानेज्यूले स्वास्थ्यको कारण उक्त पदमा रही कार्य गर्न असमर्थता जनाउनु भई मिति २०७९/०३/२५ गतेको मितिबाट लागु हुने गरी संचालक समिति समक्ष राजिनामा दिनु भएको हुँदा निजको राजिनामा स्वीकृत गर्ने निर्णय गरियो । संचालक अध्यक्ष न्यौपानेले कम्पनीको संचालक पदमा रही कम्पनीको उन्नति प्रगतिमा पुऱ्याउनु भएको योगदानको उच्च प्रसंशा गर्दै विशेष धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं. २ उपर छलफल हुँदा यस कम्पनीको संस्थापक समूहमा रिक्त संचालकमा आगामी वार्षिक साधारण सभासम्मको लागि संस्थापक श्री रञ्जना दहाललाई नियुक्त गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो । साथै यस कम्पनीको संचालक समिति अध्यक्ष पद रिक्त रहेको हुँदा कम्पनीको संचालक समितिको संरचना निम्नानुसार गर्ने निर्णय सर्वसमममतिले पारित गरियो ।

| | |
|---|---|
| १) श्री रञ्जना दहाल | संचालक, अध्यक्ष |
| २) श्री निरा श्रेष्ठ | संचालक |
| ३) श्री मन्नु श्रेष्ठ | संचालक |

३. आजको यस बैठकमा छलफलको लागि अन्य विषयहरु नभएकोले बैठकको अन्त्य गरियो ।

Himal Dolakha Hydropower Company Ltd.

श्री संचालक समिति,

हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड,

काठमाडौ ।

२०७९/०३/२६

**विषय :** राजिनामा गरेको बारे ।

महोदय,

उपरोक्त विषयमा म त्यस कम्पनीको सञ्चालक-अध्यक्ष भई कार्य गर्दै आएकोमा मेरो स्वास्थ्यमा समस्या आएको कारण उक्त पदमा रही कार्य गर्न असमर्थ भएकोले आजैको मितिबाट लागु हुने गरी सञ्चालक अध्यक्ष पदबाट राजिनामा दिएको छु ।मेरो राजिनामा स्वीकृत गरिपाऊँ ।

कल्याण बिक्रम न्यौपाने

का. म. न. पा. वडा नं. ८, काठमाडौ